**यस गरिमामय नगरसभाका सभाध्यक्ष महोदय, नगर सभाका सदस्यज्यूहरु, उपस्थित राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, सरकारी कार्यालय र सुरक्षा निकायका प्रमुखज्यूहरु, क्याम्पस प्रमुखज्यूहरु, विद्यालयका प्रधानाध्यापकज्यूहरु, बैंक वित्तिय संस्था तथा सहकारीका प्रमुख एवं प्रतिनिधिज्यूहरु, गैरसरकारी संघ संस्था, टोलविकास संस्था तथा सम्पूर्ण सामाजिक संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, पत्रकार जगत, नागरिक समाज, कर्मचारीहरु तथा सम्पूर्ण नगरवासीज्यूहरु,**

आज हामी नगरपालिकाको चौथो नगर सभामा उपस्थित भएका छौं । यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आत्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण महान सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै, जनआन्दोलनका घाईतेहरु, द्वन्द्वपीडितहरु तथा सम्पूर्ण ज्ञात अज्ञात व्यक्तिहरुको योगदानलाई उच्च सम्मान सहित स्मरण गर्न चाहान्छु ।

आर्थिक वर्ष २०७५/०७६ लाई समृद्धिको इतिहास रच्ने आधार वर्ष बनाउने गरी बार्षिक नीति तथा कार्यक्रम र बार्षिक बजेट प्रस्तुत गरिसकिएको छ। जसको लागि आवधिक योजना, वार्षिक नीति कार्यक्रम र बजेटलाई एक आपसमा सामञ्जस्यता कायम हुने गरी कार्यक्रमहरू तय गरिएका छन् ।

क्षेत्रगत र भौगोलिक सन्तुलन कायम हुने गरी दीर्घकालीन रूपमा प्रतिफल दिनसक्ने योजनाहरू कार्यान्वयन गर्न स्रोत, साधन, प्रविधि,

जनशक्ति आदिको प्रभावकारी र कुशल रूपमा उपयोग गर्ने रणनीति अवलम्वन गरिएको छ ।

सुखी सैनामैनाबासी र समृद्ध सैनामैना नगरपालिकाको आधार तयार गर्न विगत वर्षको अनुभवलाई आत्मसाथ गर्दै आगामी दिनहरूमा नगरका विकास तथा विभिन्न क्रियाकलापहरूलाई अझ परिस्कृत रूपमा अघि बढाउने कुरा नगरवासी समक्ष प्रतिबद्धता व्यक्त गर्दछु ।

**सभाध्यक्ष महोदय,**

अब म यस आर्थिक वर्षमा हालसम्म भएका मुख्य मुख्य कार्यक्रम तथा प्रगतिको विवरण पेश गर्न चाहान्छु ।

यस आ.व.मा नगरपालिकाको नगर गुरूयोजना तुर्जमा गरी नगरको अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन विकासका लक्ष्यहरू निर्धारण गर्ने नीति लिइए अनुरूप गुरूयोजना निर्माणको प्रारम्भिक प्रतिवेदन तयार गरि नेपाल सरकारमा पेश भईसकेको छ। गुरूयोजनाले समेट्न नसकेका नगर यातायात गुरूयोजना (MTMP), नगर पाश्र्वचित्र (Profile), स्थानीय तहको सूचनाप्रणाली (LGMIS), भू-उपयोग योजना (LUP), नगरपालिकाबाटै यस आ.व. भित्र तयार गरिनेछ ।

प्रदेश सरकार मार्फत वडा नं. ३ स्थित सुकौली खोला पुल, वडा नं. ९ वन्द्राहा खोला पुल, वडा नं. ११ पहिला खोला पुल, वडा नं. १० कञ्चन

खोला पुल सहितका पुलहरूको डि.पि.आर. निर्माण अन्तिम चरणमा पुगेको छ।

संघीय निर्वाचन क्षेत्र नं. २ र ३ जोडने कर्साघाट पुल र वडा नं. ११ को कञ्चन पुलको निर्माणले निरन्तरता पाएको छ भने, वडा नं. ६ को सुखौरा खोला पुल ठेक्का व्यवस्थापनको अन्तिम चरणमा पुगेको छ। त्यसैगरी नगरको गौरवको रूपमा रहेको सैनामैना चक्रपथ र मुर्गिया-लुम्बिनी सडक प्रदेश सरकारको शिवपुर सवडिभिजन कार्यालय मार्फत निर्माण अघि बढाइएको छ।

चालु आ.व. को नीति तथा कार्यक्रममा समेटिएका वडा नं. १ स्थित समावेशी पार्क, वडा नं. २ स्थित बोलबम पर्यावरणीय पार्क, वडा नं. ६ स्थित मलमला पर्यटकीय क्षैत्र, वडा नं. ९ स्थित बालउद्यान, वडा नं. १० स्थित फूलवारी पार्क र वडा नं. ११ स्थित राजापानीको जलाधार संरक्षण क्षेत्रको डिपिआर निर्माणको कार्य भइरहेको छ।

एकीकृत वैज्ञानिक कृषि प्रणाली लागु गर्ने लक्ष्य लिइएकोमा प्रदेश सरकारको अनुदान सहयोगमा सैनामैना नगरपालिका वडा नं. ३ को गंगानगरमा रू. ५० लाखको लागतमा स्मार्ट पोल्ट्री फर्म स्थापना, रू. ५० लाखको लागतमा वडा नं. ११ को तालीमा स्मार्ट कृषि गाऊँको स्थापना र रु. २५ लाखको लागतमा वडा नं. ६ को भरतपुर सुखौरा क्षेत्रमा व्यवसायीक बाख्रापालन कार्यक्रम स्वीकृतीको अन्तिम चरणमा पुगेको छ।

वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत कृषि सेवा तर्फ अनुदानमा ३०० के.जी. मसुरोको विउ, ४०० के.जी.तोरीको विउ, ०.५ के.जी. टि.पि.एस. आलु, २००० दाना पि.बि.एस. आलु, १००० प्याकेट कन्ये च्याउको विउ वितरण गरिसकिएको छ।

पशु सेवा तर्फ पशु प्रजनन सेवा २१२४ संख्यामा कृत्रिम गर्भाधान, पशु आहार ७०० के.जी. घासको विउ वितरण, ३२८५ संख्यामा पशु स्वास्थ्य उपचार सेवा सम्पन्न भईसकेको छ।

मुर्गिया, कलौनी र सालझण्डीमा कृषि उपज संकलन केन्द्र एवम् साप्ताहिक हाटबजार स्थापनार्थ डिपिआर तयार गरी प्रदेश सरकारसँग प्रत्येक केन्द्रको लागि रु. ५० लाख का दरले १ करोड ५० लाखको कार्यक्रम माग गरिएको छ भने मुर्गिया र कलौनीमा रहेको हाटबजार व्यवस्थित रूपमा स्थानान्तरण गर्नको लागि पर्रोहा मा.वि. र रामापुर मा.वि. को जग्गा ३० वर्षको लागि लिजमा लिने गरी सम्झौता भईसकेको छ।

सैनामैना क्षेत्रको अध्ययन अनुसन्धान गरी ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक मूल्यहरूको पहिचान, संरक्षण र विकास गर्न इतिहासविद, संस्कृतिविद तथा पर्यटनविद सहितको कार्यदलले अध्ययन अनुसन्धान गरी **सैनामैना आलोक** प्रकाशनको अन्तिम चरणमा रहेको छ।

थारू समुदायको संस्कृतिको संरक्षण गरी पर्यटन प्रवर्द्धनको लागि यस अघि सभाहल निर्माण कार्य सम्पन्न भईसकेकोमा यस आ.व. मा १०

वटा पाहुना घर निर्माण गर्न प्रति घर रू. १ लाख अनुदान प्रोत्साहन दिने कार्यक्रम कार्यान्वयनको चरणमा रहेको छ ।

**सभाध्यक्ष महोदय,**

स्थानीय सरकारको आर्थिक सक्षमता अभिवृद्धि गर्न करको दर वृद्धि नगरी करको दायरा फराकिलो बनाइए अनुरूप पौष महिनासम्म राजस्व रकम रू. २ करोड ६० लाख संकलन भएको छ भने संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त, राजस्व बाँडफाँडबाट प्राप्त र आन्तरिक राजस्व समेत गरी पौष मसान्त सम्म कुल २४ करोड २२ लाख २७ हजार ९ सय ४५ रूपैया आम्दानी भएकोमा रू. १६ करोड २ लाख ७९ हजार १९० रूपैया खर्च भएको छ ।

आर्थिक विकासको मेरूदण्डको रूपमा रहेको निजी क्षेत्रलाई प्रोत्साहन गर्ने नीति अनुरूप सार्वजनिक निजी साझेदारी अवधारणालाई कार्यान्वयन गर्न सार्वजनिक निजी साझेदारी ऐन जारी गरी लागु गरिएको छ । सोही अनुरूप नगरको फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्य सार्वजनिक निजी साझेदारी अवधारणा अनुरूप २०७५ मंसिर १ गते देखि लागु हुने गरी ५ वर्षको लागि सम्झौता भई कार्य सञ्चालनमा आएको छ ।

प्रविधिमा आधारित अपनत्व सहितको गुणस्तरीय शिक्षालाई कार्यान्वयन गर्न सामुदायिक विद्यालयका २४१ जना प्रधानाध्यापक तथा शिक्षकहरुलाई आई.सि.टि. सम्बन्धी आधारभूत तालिम प्रदान गर्ने लक्ष्य लिएकोमा हालसम्म १६८ जनालाई तालिम दिइसकिएको छ भने बाँकि शिक्षकहरुलाई यहि पौष मसान्त सम्म तालिम सम्पन्न हुने गरी कार्यक्रम सञ्चालन भईरहेको छ। संस्थागत विद्यालयका प्रधानाध्यापक लगायत ३५० जना शिक्षकहरुलाई तालिम प्रदान गर्ने कार्य भैरहेकोमा पौष मसान्त भित्र उक्त तालिम समेत सम्पन्न गरिनेछ।

विद्यार्थीहरुमा ह्रासोन्मुख हुँदै गईरहेको अनुशासन, नैतिक, मूल्य र मान्यतालाई पुनर्स्थापित गर्न सामुदायिक विद्यालयका १८ जना प्रधानाध्यापक तथा शिक्षकहरुलाई काठमाडौमा World Moral Foundation द्वारा सञ्चालित नैतिक शिक्षा सम्बन्धी तालिम प्रदान गरिएको छ।

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको सृजनात्मक प्रतिभालाई उजागर गर्ने उद्देश्यले नगरभित्र यस आ.व. देखि खुशी विद्यार्थी कार्यक्रम सञ्चालन गरिएको छ।

नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरुको बारेमा नगरवासीलाई जानकारी गराउने र नगरवासीका गुनासाहरुलाई सम्बोधन गर्ने उद्देश्यले जनतासँग नगरप्रमुख, हाम्रो सैनामैना राम्रो सैनामैना, हाम्रो सेरोफेरो, जनतासँग जनप्रतिनिधि जस्ता सार्वजनिक सुनुवाईका कार्यक्रमहरु स्थानीय रेडियो तथा टेलिभिजन मार्फत प्रसारण भइरहेका छन्।

नगरवासीहरुलाई सफा र स्वच्छ खानेपानीको व्यवस्था मिलाउन एक घर एक धाराको नीति अनूरुप सैनामैना खानेपानी, मुर्गिया खानेपानी, वालापुर खानेपानी आयोजनाहरुको सेवा विस्तार सम्बन्धी पूर्वाधार तर्फको कार्य भईरहेको छ । सोरौली, मनकामना खानेपानी र बोलबम पार्क क्षेत्रलाई समेटि एकीकृत रुपमा सेवालाई परिस्कृत गरी कार्य अगाडि बढाइएको छ ।

खानेपानी डिभिजन कार्यालय मातहत कार्यान्वयनमा रहेका आँपखोला खानेपानी, दुधराक्ष खानेपानी, बाँसगढी खानेपानी, देवीस्थान खानेपानी, बनकट्टी खानेपानी र फूलवारी खानेपानीको थप सेवा विस्तार र बाँकी पूर्वाधार निर्माणको काम समायावधी भित्रै सम्पन्न गर्न परामर्श बैठक सम्पन्न भएको छ ।

नगरपालिका क्षेत्रभित्र पूर्व-पश्चिम लोकमार्गको सडक अधिकार क्षेत्रको ८२ फुटले ओगटेको क्षेत्र भित्र अव्यवस्थित भौतिक संरचना हटाउने, खाल्टा खुल्टी पुर्ने तथा सम्याउने कार्य अन्तिम चरणमा रहको छ । जसले गर्दा लोकमार्ग क्षेत्रमा हुने दुर्घटना न्युनिकरण हुने अपेक्षँ लिइएको छ ।

सामाजिक न्याय र समताका लागि सकरात्मक विभेदको नीति अनुरूप क्षमता विकास तथा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिदै नगरपालिकाको रू. ६५ लाख लगानीमा नगरभित्रका १०७ जनालाई कोरिया नेपाल इष्टिच्युट अफ टेक्नोलोजि (KNIT) मा मेकानिकल, इलेक्ट्रिक र अटो मोबाइल इन्जिनियरिË तर्फ १८ महिने रोजागारमूलक

तालिम सञ्चालन भइरहेको छ । जसले गर्दा १०७ घरपरिवारमा स्वरोजगार सृजना हुने अपेक्षा लिइएको छ ।

अपाËता भएका व्यक्तिहरूलाई अपाËता परिचयपत्र वितरण कार्य यथाशिघ्र सञ्चालनमा ल्याउने गरी सैनामैना नगरपालिकाको अपाËता परिचायपत्र वितरण कार्यविधि, २०७५ जारी गरिएको छ ।

महिला बालबालिका तर्फ १२ वटा नयाँ समूह, समिति र निगरानी समुह गठन भएका छन् भने ६० जनालाई तीन दिने अनुशिक्षण तालिम प्रदान गरिएको छ । लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान अन्तर्गत २५० जनाको सहभागितामा १ दिने अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

यस नगर क्षेत्रभित्र बसोबास गर्ने ५८५८ लाभग्राहीहरुले यस आ.व. को प्रथम चौमासिकमा रु. ३ करोड ४० लाख ४२ हजार ६ सय रकम सामाजिक सुरक्षा भत्ता वापत प्राप्त गरेका छन् भने दोश्रो चौमासिक निकासाको तयारीमा रहेको छ । उक्त कार्यको सरलीकरणको लागि बैंक मार्फत शुन्य मौज्दातमा टोल टोलमा गई खाता खोल्ने कार्य सम्पन्न भएको र ८० वर्ष माथिका लाभग्राहीहरुलाई घरमै भत्ता वितरण गर्ने व्यवस्था मिलाइएको छ ।

यस आ.व. को मंसिर मसान्त सम्म ६८९ जन्मदर्ता, १५४ मृत्यु दर्ता, २३३ विवाह दर्ता, ८ वटा सम्बन्ध विच्छेद दर्ता, १६३ वटा वसाईसराई दर्ता गरी जम्मा १२४७ व्यक्तिगत घटना दर्ता भएका छन् ।

जेष्ठ नागरिकलाई गरिदै आएको सम्मान कार्यक्रमलाई निरन्तरता दिदै जेष्ठ नागरिकहरूलाई लठ्ठी सहित दोसल्ला ओढाई सम्मान गरिएको छ । यस कार्यलाई निरन्तरता दिइदै लगिनेछ । जेष्ठ नागरिकलाई संरक्षण प्रदान गर्न सैनामैना वडा नं. १ को योग तथा प्राकृतिक चिकित्सा केन्द्रको निकट पर्ने गरी ५ नं. प्रदेश स्तरीय सुविधा सम्पन्न जेष्ठ नागरिक आश्रम निर्माणार्थ प्रदेश सरकार मार्फत प्रस्ताव अगाडि बढाइएको छ ।

स्वास्थ्य तर्फ प्रथम चरण अन्तर्गत भिटामिन ए र जुकाको औषधि खुवाउने कार्य सम्पन्न भएको छ, परिवार नियोजन/सुरक्षित मातृत्व दिवस सम्पन्न भएका छन, क्षयरोग उपचार केन्द्रमा आकस्मीक औषधी ल्याब सञ्चालनमा ल्याइएको छ भने विश्व स्तनपान सप्ताह मनाउने सन्दर्भमा स्वास्थ्य संस्थाहरुमा सूचनामूलक फ्लेक्स प्रिन्ट वितरण गरिएको एवम् एफ.एम. रेडियोमा सूचना प्रकाशन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

खेलकुद क्षेत्रमा योगदान पुऱ्याउने उद्देश्यले विभिन्न संघ संस्था तथा क्लबहरुबाट खेलाईएका खेलकुदका कार्यक्रमहरुमा आवश्यक सहयोग गरिएको छ भने २०७५ माघ २ गते देखि ८ गते सम्म सप्ताहव्यापी विद्यालयस्तरीय २७ वटा इभेन्टमा प्रतिस्पर्धा हुने गरी खेलकूद प्रतियोगिता सञ्चालन गरिने भएको छ ।

भौतिक पूर्वाधार तर्फ यस आ.व. मा कुल २५८ योजनाहरु रहेकोमा २०९ वटा योजनाहरुको उपभोक्ता समिति गठन भइसकेका छन् । १४०

वटा योजनाहरुको सम्झौता भइसकेको छ। २३ वटा योजनाहरु सम्पन्न भई अन्तिम भुक्तानी भईसकेको र ७ वटा योजनाहरु ठेक्का प्रक्रियामा रहेका छन् । यसका अतिरिक्त प्रदेश सरकार मार्फत रु. ८ करोड ४५ लाख बराबरको सडक पूर्वाधार, नेपाल सरकार मार्फत रु. ५ करोड र निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गत क्षेत्र नं. २ मा रु. १ करोड तथा क्षेत्र नं. ५ मा रु. ९० लाख बराबरका सडक पूर्वाधार निर्माणका कार्य यसै आ.व. मा सम्पन्न हुनेछन् ।

२०० मिटर ह्युमपाइप जडान भइसेकका छन् भने ऐतिहासिक मलमला मन्दिरमा डिप बोरिङ्ग गाड्ने कार्य सम्पन्न भएको छ ।

यातायात सेवालाई व्यवस्थित गर्न वडा नं. १० सालझण्डीमा अस्थायी वसपार्क निर्माण गरी सञ्चालनमा ल्याइएको छ ।

सैनामैना चक्रपथको वडा नं. १० र ११ लाई समेत समेटने गरी चक्रपथको पुरकखण्ड रु. ६५ करोड लागतमा यसै आ.व. मा निर्माण कार्य शुरु गर्ने गरी प्रदेश सरकार मार्फत व्यवस्था मिलाइएको छ ।

नदीजन्य पदार्थ उत्खनन र निकासीको लागि पहिला खोला, कञ्चन खोला, इंगुरिया नदी, बौराहा खोला, तुलवुलिया खोला, बन्द्राहा खोला, दानव नदी गरी ८ वटा खोलाहरुको IEE सम्पन्न गरी स्वीकृतीको प्रक्रिया पुरा भएका नदी र नाकाहरुको ठेक्का व्यवस्थापनको कार्य अगाडि बढाइएको छ ।

कञ्चन सिंचाई योजना, इंगुरिया सिंचाई योजना, कुटि सिंचाई योजना र सन्तानपुर बाँध निर्माणको कामलाई निरन्तरता दिन सिचाई डिभिजन कार्यालयमा पहल गरिएको छ ।

स्वीकृत गुरुयोजना अनुसार घमाहा नदीको तटबन्धको कामले निरन्तरता पाइरहेको छ ।

**सभाध्यक्ष महोदय,**

वडा नं. ३ मा निर्माणधिन इन्डोर सहितको कवडहल निर्माणको काम भइरहेको छ भने वडा नं. ६ मा रु. ७५ लाखको लागतमा इन्डोर सहितको थप कवडहल निर्माण यसै आ.व. मा सम्पन्न गरिने छ ।

व्यवस्थित तथा अव्यवस्थित जग्गाहरुको लगत संकलन गरी एकीकृत रुपमा सफ्टवेयर प्रणालीमा राख्ने कार्य सम्पन्न गरिएको छ भने व्यवस्थित/अव्यवस्थित जग्गा र त्यसमा बनेका संचनाहरुको कर सफ्टवेयर मार्फत संकलन गर्ने कार्य भईरहेको छ । वडा कार्यालय र केन्द्र बीच नेटवर्किङ्ग गरी डाटाको व्याकअप राख्न सर्भर जोडिएको छ भने विस्तारित वडा कार्यालयमा नेटवर्किङ्ग गर्ने कार्य समेत सम्पन्न भएको छ ।

भवन निर्माण तथा भूमि व्यवस्थापन तर्फ यस आ.व.मा दर्तावाल जग्गामा १८८, वेदर्ता जग्गामा १३९, पुरानो नियमित तर्फ ८० र तला थप तर्फ ४० गरी जम्मा ४४७ घर नक्शा दर्ता भएका छन्। ९४ वटा घरको प्लिन्थ लेवल ईजाजत पत्र र २७ वटा घरको सुपर स्ट्रक्चर ईजाजत पत्र प्रदान गरिएको छ। साथै २६१ घर नक्शा सम्पन्न भएका छन् भने ४६४ वटा वेदर्ता जग्गाको नापजाच गरी रोहवर गर्ने कार्य सम्पन्न भएको छ।

नगरभित्र नापी भईसकेका साविक पर्रोहा र सालझण्डीको गाउँब्लक जग्गाहरुको फिल्ड र श्रेस्ता जाँच गरी जग्गाधनी दर्ता प्रमाणपत्र वितरण गर्ने र साविक दुधराक्ष अन्तर्गतका गाउँब्लक जग्गाको नापजाँच सम्पन्न गरी यस आ.व. मा जग्गाधनी दर्ता प्रमाणपत्र वितरण गरिनेछ।

नगरको व्यवस्थित शहरीकरणको लागि भवननिर्माण मापदण्डलाई थप प्रभावकारी रुपमा लागु गर्न यस आ.व. मा ३७ जना निर्माण व्यवसायी तथा डकर्मीहरुलाई तालिम उपलब्ध गराइएको छ।

सामुदायिक वन सञ्चालन तथा व्यवस्थापन ऐन, २०७५ स्वीकृत गरी स्थानीय समुदायको सहयोगमा सामुदायिक वन संरक्षण गर्न वृक्षारोपण गरिनुको साथै गस्ती टोली परिचालन गर्ने प्रक्रिया अगाडि बढाइएको छ।

विपद् पूर्व तयारीको रुपमा विपद् न्युनीकरणका लागि आवश्यक पर्ने उद्धार सामाग्रीहरु खरिद गरी इलाका प्रहरी कार्यालय मुर्गिया र सालझण्डीलाई हस्तान्तरण गरिएको छ।

आगलागी नियन्त्रण गर्न सैनामैना न.पा., गैडहवा गाउपालिका, कञ्चन गाउपालिका र शुद्धोधन गाउपालिकाको सहकार्यमा अन्तर स्थानीय तह वारुणयन्त्र सञ्चालन गर्ने गरी कानुनी व्यवस्था गरि कार्य अगाडि बढाइएको छ ।

नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि निर्माण गरी पदपूर्ति समेत भई कार्य आरम्भ भएको छ ।

संयुक्त रुपमा संचालनमा रहेका वडा कार्यालयहरुलाई आ-आफ्नै वडाबाट कार्य सञ्चालन हुने गरी व्यवस्था मिलाइएको छ ।

लोकमार्गको सुरक्षा व्यवस्थालाई मध्यनजर गरी दुर्घटना न्युनीकरणमा सहयोग पुऱ्याउने हेतुले मुर्गिया र सालझण्डीमा सि.सि. क्यामरा जडान भई सकेका छन् ।

स्थानीय सरकारलाई प्रदत्त अधिकार क्षेत्रको अधिनमा रही विषयगत ऐन, कानुनहरु तर्जुमा गर्ने कार्यलाई प्राथमिकता दिदै यस आ.व. मा ८ वटा ऐन, १३ वटा नियमावली, कार्यविधि, निर्देशिका र गत आर्थिक वर्षका २५ समेत गरी हाल सम्म जम्मा ४६ वटा ऐन कानुनहरु निर्माण भएका छन् ।

न्यायिक निरुपणलाई सहजिकरण गर्न तथा उत्पन्न विवादहरुलाई मेलमिलापको माध्यमबाट समाधान गर्न वडा स्तरीय र नगरस्तरीय मेलमिलाप कर्ता छनौट गरी ४८ घण्टे आवासीय तालिम प्रदान गरिएको छ भने इजलास निर्माण गरी इजलासबाटै न्यायिक निरुपणका कार्य अगाडि बढिरहेको छ । साथै सैनामैना न्यायिक (कार्यविधि सम्बन्धी) ऐन,

२०७५ अनुसार हाल नगरपालिकामा जम्मा १०३ जना मेलमिलापकर्ताहरु सूचिकृत भएका छन् ।

यस आर्थिक वर्षमा सामान्य प्रकृतिका र नियमपूर्वक दर्ता हुन आएका ३७ वटा मुद्दाहरु न्यायिक समितिमा दर्ता भएका छन् । जसमध्ये ५ वटा मिलापत्र भएको, ४ वटा अदालत पठाइएको, (प्रमाण नपुगेका, तारिख गुजारेका, मुद्दा दर्ता पछि सम्पर्कमै नआएका) १५ वटा र बाँकी १३ वटा मुद्दा प्रक्रियामा रहेका छन् ।

**सभाध्यक्ष महोदय,**

अब म यस आ.व. मा सम्पादन गरिने थप मूख्य मूख्य कार्यक्रमहरू प्रस्तुत गर्दछु :

यस वर्ष नेपाल सरकारबाट घोषित नयाँ पर्यटकीय गन्तव्यको सूचिमा सैनामैना नगरपालिका क्षेत्र परेकोमा उक्त कार्यक्रमबाट प्राप्त हुने रु. ५० लाख र नगरपालिकाको रु. २० लाख गरी जम्मा रु. ७० लाखको लागतमा सैनामैना क्षेत्रको ऐतिहासिक एवम् पुरातात्विक स्थलहरुको संरक्षण र पूर्वाधार विकासमा खर्च गर्ने कार्ययोजना बनाइएको छ ।

कलौनी स्थित दुधराक्ष स्वास्थ्य चौकी रहेको स्थानमा नेपाल सरकार मार्फत स्वास्थ्य केन्द्र भवन र लुम्बिनी रण अम्बिका आँखा अस्पतालको सहयोगमा आँखा उपचार केन्द्र स्थापनाको लागि पूर्वाधार निर्माणको कार्य यसै वर्ष आरम्भ गरिनेछ ।

खेलकुद क्षेत्रको विकास गर्न वडा नं. ७ को लम्टैयामा रहेको क्रिकेट मैदानलाई स्तरोन्नती गरी प्रदेश र राष्ट्रियस्तरका प्रतियोगिता सञ्चालन गर्न सक्ने गरी रु. ३० लाख बराबरको पूर्वाधार निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ ।

सामुहिक आवासको लागि नेपाल सरकार र नगरपालिकाको लागत सहभागितामा यस आ.व. मा वडा नं. ११ स्थित उत्तर बरौलीमा रू. १ करोड १० लाख को लागतमा नमूना वस्ति निर्माण गरिनेछ । वडा नं. ४ को मुर्गियामा सार्वजनिक किरिया घर निर्माण कार्य आरम्भ  गरिनेछ ।

वडा नं. १० स्थित सालझण्डी ढोरपाटन वसपार्क र मुर्गिया, कलौनी, सालझण्डीमा रहेका अव्यवस्थित साप्ताहिक हाटबजारलाई पायक पर्ने उपयुक्त स्थानमा यसै आ.व. भित्र कार्य प्रँरम्भ गर्ने गरी ५ नं. प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयमा समपुरक प्रस्ताव पेश गरिएको छ ।

१ अरब २३ करोड ४२ लाख ८९ हजार २९४ रुपैया बराबरको कञ्चन नदीको दोहोरो तटवन्धको गुरुयोजना डिपिआर तयार गरी आगामी आ.व. को कार्यक्रममा समावेश गर्न नेपाल सरकारमा पेश गरिनेछ ।

बाँकी नदीहरुको किनारमा नदीले पुऱ्याएको क्षतिको अध्ययन गरी प्राथमिकताको आधारमा तटवन्धको काम जलाधार व्यवस्थापन डिभिजन कार्यालय र नगरपालिकाको सहकार्यमा अघि बढाईने छ ।

सैनामैना क्षेत्रको दिगो फोहर मैला व्यवस्थापन गर्न ल्याडफिल्ड साईट निर्माण गर्नको लागि आगामी आ.व. को कार्यक्रममा समावेश गर्न नेपाल सरकार समक्ष प्रस्ताव पेश गरिनेछ ।

सैनामैना वडा नं. ३ मा अवस्थित लामिरहको बुहुउद्देश्यिय बाँध एवं जलासय निर्माणको लागि डिपिआर तयार गर्न यस आ.व. मा कार्य प्रक्रिया अगाडि  बढाइनेछ ।

साविक जिल्ला विकास समितिबाट सञ्चालित सामुदायिक विकास कार्यक्रम नगरपालिकामा हस्तान्तरण भई आएको र उक्त कार्यक्रमलाई प्रभावकारी बनाउन **सैनामैना नगरपालिकाको स्थानीय विकास कोष सञ्चालन ऐन, २०७५** तयार गरी यसै नगरसभाबाट स्वीकृत गरिनेछ ।

नगर क्षेत्रभित्र सञ्चालन हुने सार्वजनिक सवारी साधन तथा साना सार्वजनिक सवारी साधनहरुको नियमन तथा व्यवस्थापन गर्न **सैनामैना नगरपालिका भित्र सञ्चालन हुने सार्वजनिक सवारी साधन सञ्चालन तथा व्यवस्थापन ऐन, २०७५** तयार गरी यसै नगरसभाबाट स्वीकृत गरिनेछ ।

## आदरणीय महानुभावहरु,

कार्यक्रमहरुको सफल कार्यान्वयनको हरेक चरणमा सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिज्यूहरु, सरकारी कार्यालय र सुरक्षा निकायका प्रमुखज्यूहरु, क्याम्पस प्रमुखज्यूहरु, विद्यालयका प्रधानाध्यापकज्यूहरु, बैंक वित्तिय संस्था तथा सहकारीका प्रमुख एवं

प्रतिनिधिज्यूहरु, गैरसरकारी संघ संस्था, टोलविकास संस्था तथा सम्पूर्ण सामाजिक संघ-संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु, पत्रकार जगत, नागरिक समाज, कर्मचारीहरु सहित सम्पूर्ण सैनामैनाबासी आमा-बुवा, दाजुभाइ, दिदी-बहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु साथै आगामी दिनहरुमा यहाँहरु सबैको रचनात्मक सुझाब, सल्लाह एवं सक्रिय सहयोगको अपेक्षा राख्दछु ।

## **धन्यवाद ! नमस्कार !!**

मिति :- २०७५।०९।२७ गते शुक्रबार

समय :- दिनको ३:०० बजे

स्थान :- सैनामैना - ८, सत्चिन्तनको सभाहल